# वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३

*स्वीकृत मिति: २०८३।०५।०३(मा.मन्त्रीस्तर)*

**प्रस्तावना:** गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालय र यस मातहतका कार्यालयहरूको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमलाई व्यवस्थित तथा पारदर्शी बनाई प्रभावकारी कार्यान्वयन र एकरुपता कायम गर्न आवश्यक भएकाले,

गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालयले देहायको मापदण्ड बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "उद्यमशीलता तालिम" भन्नाले स्थानीय स्रोत साधनको उपयोग गर्दै लघु, घरेलु तथा साना उद्योग व्यवसाय कुशलतापूर्वक सञ्चालन गर्न वा उत्प्रेरित गर्न आवश्यक पर्ने ज्ञान, सिप, कला वा धारणाको विकास गर्न दिइने तालिम सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालन गरिरहेको वा सञ्चालन गर्न दर्ता भएको उद्योग व्यवसायको सञ्चालकलाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले पर्यटन पूर्वाधार निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्न आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ। सो शब्दले पर्यटन पूर्वाधार निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको भेलाले अनुमोदन गरेको प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको समिति, समूह वा संस्था समेत सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका पर्यटन तथा उद्योग विषय क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(च) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(छ) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नती गर्नका लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

(झ) "पर्यटन पूर्वाधार" भन्नाले कार्यालयबाट कार्यान्वयन हुने पर्यटन तर्फका पूर्वाधार निर्माण तथा पूर्वाधार विकासका कार्यक्रमलाई सम्झनु पर्छ।

३. **कार्यक्रम सञ्चालन तथा कार्य सम्पादन मार्गदर्शनः** यस मन्त्रालय र मातहतका निकायहरूमा विनियोजित वार्षिक विकास कार्यक्रम तथा बजेटको कार्यान्वयन सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१, प्रदेश खर्चको मापदण्ड, २०७९, आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन र अन्य प्रचलित कानुन बमोजिम कार्य सञ्चालन तथा सम्पादन गरिनेछ।

## परिच्छेद-२
## पर्यटन पूर्वाधार निर्माण

४. **पर्यटन पूर्वाधार निर्माणः** (१) स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने पर्यटन पूर्वाधार कार्यक्रमहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको खरिद विधि अनुसार कार्यान्वयन गरिनेछ।

(२) कुनै पर्यटन पूर्वाधार विकास योजनाको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइसकेको तर बहुवर्षिय योजनाको रुपमा नतोकिएको र DPR बमोजिम कुल लागत रकम एकमुष्ट विनियोजन नभइ आंशिक रुपमा बजेट रकम विनियोजन भएको अवस्थामा सालवसाली कार्यक्रमका रुपमा विनियोजित बजेटको परिधि भित्र रही कार्य सञ्चालन गरिनेछ।

(३) स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने पर्यटन पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्नु पूर्व सम्बन्धित स्थानीय तहलाई जानकारी गराई दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ।

५. **लागत अनुमान तयार गर्नु पर्नेः** (१) पर्यटन पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्न PLMBIS मा उल्लिखित क्रियाकलापको अधिनमा रही जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरि आवश्यक्ता अनुसार Drawing Design र Specification समेत स्वीकृत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी र जनसहभागिताको रकम समेत समावेश गर्नु पर्नेछ।

(३) ऐतिहासिक महत्वका धार्मिक सम्पदा निर्माण वा पुन:निर्माण गर्दा आवश्यक पर्ने काष्ठकला, चित्रकला एवम् मूर्तिकला जस्ता विषयहरूका सम्बन्धमा पुरातत्व विभागको दररेटलाई आधार मानी, पुरातात्विक तथा ऐतिहासिक महत्व कायम हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम लागत अनुमानमा उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थासँग सम्झौता भइ सञ्चालन हुने पर्यटन पूर्वाधार सम्बन्धी कार्यमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०८१ बमोजिम विनियोजित बजेटको कम्तिमा दश प्रतिसत रकम लागत सहभागितामा समावेश हुनु पर्नेछ।

६. **<u>उपभोक्ता समिति मार्फत गर्न सकिनेः</u>** (१) दफा ४ बमोजिम पर्यटन पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरू उपभोक्ता समिति मार्फत गर्न सकिनेछ। तर एक करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका आयोजनाहरूको निर्माण कार्य सार्वजनिक खरिद सम्बन्धी कानुनमा तोके बमोजिम गर्नुपर्नेछ।

(२) उपभोक्ता समितिले दफा ४ बमोजिम पर्यटन पूर्वाधार निर्माणका कार्य गर्न देहाय बमोजिमका कागजातहरू कार्यालय समक्ष पेश गर्नु पर्नेछः

(क) गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ बमोजिम आयोजनाबाट प्रत्यक्ष लाभ हुने स्थानीय उपभोक्ताहरूको भेलाबाट अनुगमन समिति सहितको उपभोक्ता समिति गठन भएको निर्णय,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) आर्थिक कारोबार सञ्चालन गर्न उपभोक्ता समितिका सदस्यहरू मध्येबाट छनौट भएका पदाधिकारीहरूको निर्णय सहितको नामावली र बैंक खाताको विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताका लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) पर्यटन पूर्वाधार निर्माणका लागि स्वीकृत कार्यक्रम बमोजिमको स्थान किटान भएको उपभोक्ता भेलाको निर्णय,

(च) उपभोक्ता समितिका सदस्यहरूको नागरिकताको प्रतिलिपि,

(छ) प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाको हकमा समिति, समूह वा संस्था दर्ता, नवीकरण र प्रत्यक्ष लाभग्राहीहरूको आम भेलाबाट भएको निर्णयको प्रतिलिपि।

(३) दफा ५ बमोजिम स्वीकृत लागत अनुमान र उपदफा (२) बमोजिम पेश भएका कागजातका आधारमा कार्यालयले कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिमको शर्तहरू सहितको ढाँचामा सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गर्न सक्नेछ।

(४) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाबाट सञ्चालित हुने निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सम्बन्धित कार्यालयबाट सहमति लिएर बाहेक हेभि मेसिन (लोडर, एक्साभेटर, रोलर, डोजर आदि) प्रयोग गर्न पाइने छैन।

(५) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थासँग सम्झौता भई सञ्चालन हुने आयोजनाको Drawing Design र Specification बमोजिमको निर्माण

सामग्रीको गुणस्तर र आयोजनाको गुणस्तरको सुनिश्चित गर्ने, गराउने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्था र कार्यालयको हुनेछ।

(६) पर्यटन पूर्वाधार निर्माणका कार्य गर्दा स्थानीय सामग्रीको प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(७) पर्यटन पूर्वाधार निर्माण अन्तर्गतको पदमार्गको चौडाइ न्युनतम १.५ मिटरसम्मको र सिँढी आवश्यक पर्ने ठाउँमा प्रत्येक सिँढीको चौडाइ कम्तिमा ३० से.मि. र उचाई १४ देखि १६ से.मि. हुनु पर्नेछ। पदमार्ग निर्माण गर्दा सम्भव भएसम्म स्थानीय स्तरमा उपलब्ध हुने ढुंगाको प्रयोग गर्नुपर्नेछ।

(८) पर्यटन पूर्वाधार निर्माण अन्तर्गतको साइकल मार्ग निर्माण गर्दा ड्रइङ डिजाइनमा चार पाङ्ग्रे सवारी साधन प्रवेश गर्न नसक्ने प्रबन्ध गरी बढीमा १.८ मिटरसम्म चौडाइ कायम गर्नु पर्नेछ।

(९) पर्यटन पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत सामुदायिक भवन तथा पार्क, मठ मन्दिर, गुम्बा निर्माण गर्दा निजी जग्गामा निर्माण गर्न पाइने छैन तर प्रचलित कानुन बमोजिम दर्ता भएको समिति, समूह वा संस्थाको नाममा रहेको जग्गामा पार्क, मठ मन्दिर तथा गुम्बा निर्माण गर्न कुनै बाधा पर्ने छैन।

(१०) पदमार्ग निर्माण गर्ने कुनै भागमा परम्परा देखी चलनचल्तीमा रहेको निजी जग्गा पर्ने भएमा स्थानीय तहको रोहबरमा सम्बन्धित जग्गाधनीहरूको लिखित मञ्जुरीनामा लिनु पर्नेछ।

(११) उपभोक्ता समितिको गठन तथा सो सम्बन्धी अन्य विषयमा गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ बमोजिम हुनेछ।

७. <u>**उपभोक्ता समिति आफैंले गर्नु पर्ने:**</u> दफा ६ बमोजिम उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थालाई जिम्मा दिएको पूर्वाधार निर्माणको काम समिति आफैंले गर्नु पर्नेछ।

८. <u>**अभिमुखीकरण कार्यक्रम:**</u> कार्यालयले आयोजना कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीलाई देहायका विषयमा अभिमुखिकरण गर्न सक्नेछः-

(क) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार,
(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नु पर्ने अवधि, उपभोक्ताको योगदान,
(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,
(घ) रकम निकासा प्रक्रिया,
(ङ) योजना कार्यान्वयन र अभिलेख प्रक्रिया,
(च) योजना फरफारक र सामाजिक परीक्षण,
(छ) निर्माण सम्बन्धी प्राविधिक विषयहरू,
(ज) अन्य आवश्यक विषयहरू।

९. <u>**आयोजना सूचना पाटी राख्नु पर्ने:**</u> उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थाबाट सम्झौता बमोजिमको काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत,

लागत साझेदारीको अवस्था, काम सुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनास्थलमा आयोजना सूचना पाटी राख्नु पर्नेछ।

१०. **कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने:** (१) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाले निर्माण कार्य सम्पन्न गरिसकेपछि त्यस कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ खर्च सार्वजनिक गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा आयोजना निर्माण स्थलको निर्माण कार्य शुरु हुन पूर्व, निर्माण चरण र निर्माण सम्पन्न भएपश्चातका फोटोहरू समावेश गर्नु पर्नेछ।

११. **भुक्तानी:** (१) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाले निर्माण कार्य सम्पन्न गरिसकेपछि कार्यालयले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गरी विनियोजित रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण र दफा १० बमोजिमको कार्य सम्पन्न प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातका आधारमा उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थालाई सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात प्रचलित कानुन बमोजिम भुक्तानी दिनु पर्नेछ।

१२. **अभिलेख राख्नु पर्ने:** (१) कार्यालयले उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाबाट निर्माण कार्य गराउदा सो को अनुसूची-३ बमोजिमको ढाँचामा उपभोक्ता समिति तथा निर्माण सम्पन्न पूर्वाधारको अभिलेख राख्नु पर्नेछ।

(२) योजनाहरू सम्पन्न भएपश्चात् अनुसूची-४ बमोजिमको ढाँचामा पेन्टीङ बोर्ड वा शिलालेख सम्बन्धित आयोजना स्थलमा राख्नुपर्नेछ ।

१३. **उपभोक्ता समितिबाट निर्माण हुने पर्यटन पूर्वाधार सम्बन्धी अन्य व्यवस्था:** उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थासँग सम्झौता भई सम्पन्न हुने पर्यटन पूर्वाधार निर्माण सम्बन्धी अन्य व्यवस्था गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद-३
## पर्यटन प्रवर्द्धन सम्बन्धी व्यवस्था

१४. **देशका प्रमुख शहर तथा पर्यटकीय गन्तव्यहरूमा पर्यटन प्रवर्द्धन:** (१) मन्त्रालयले विनियोजित बजेटको परिधिभित्र रही मुख्य शहरहरू तथा प्रदेशका राजधानी शहरहरूका साथै प्रमुख पर्यटकीय गन्तव्यहरूमा गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम संचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्दा सम्बन्धित प्रदेशको पर्यटन क्षेत्र हेर्ने मन्त्रालयको समन्वय र सम्बन्धित स्थानीयतहहरू, पर्यटनसँग सम्बन्धित संघसंस्थाहरूसँगको सहभागितामा संचालन हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रमको अवधारणापत्र मन्त्रालयबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

**१५. <u>पदमार्ग र पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन</u>:** (१) मन्त्रालयले पदमार्ग र पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्न आवश्यक सूचना र जानकारी समेटीएको प्रचार प्रसार सामाग्रीहरू तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएका सामाग्रीहरू आवश्यकता अनुसार सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट प्रचार प्रसार गर्न सकिनेछ।

(३) प्रमुख पदमार्ग तथा गन्तव्यहरूमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन सम्वन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत हुने अवधारणापत्रमा समावेश गरिनेछ।

**१६. <u>वैकल्पिक पदमार्ग पहिचान तथा प्रचार प्रसार</u>:** (१) अन्नपूर्ण, धवलागिरी, मनास्लु र ढोरपाटन क्षेत्रका प्रमुख पर्यटकीय गन्तव्यहरूमा पुग्ने बैकल्पिक पदमार्गको पहिचान गर्न सम्बन्धित स्थानीय तहहरूसँगको समन्वयमा छलफल अन्तरक्रिया कार्यक्रम संचालन गरि संभावित वैकल्पिक पदमार्गको सुची संकलन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्राप्त सूचीलाई प्राथमिकीकरण गरी विज्ञ, पदमार्गसँग सम्बन्धित संघसंस्थाको सहभागितामा स्थलगत अनुगमन गरिनेछ।

(३) उपदफा (२) बमोजिमको अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा बैकल्पिक पदमार्गको पहिचान गरीनेछ।

(४) उपदफा (३) बमोजिम पहिचान भएका वैकल्पिक पदमार्गहरूको सम्पूर्ण विवरण सहितको प्रचार प्रसार सामाग्री तयार गरिनेछ।

(५) उपदफा (४) बमोजिम तयार गरिएका प्रचार सामाग्री सामाजिक सञ्जाल लगायत सञ्चार माध्ययमबाट प्रचार प्रसार गरिनेछ।

**१७. <u>मेलामहोत्सव सहयोग कार्यक्रम सञ्चालन</u>:** (१) प्रदेशको उद्योग तथा पर्यटन प्रवर्द्धनका लागि प्रदेशभित्र सञ्चालन हुने उद्योग र पर्यटन लक्षित मेला, महोत्सव, जात्रा, साहसिक खेल पर्यटन आदि कार्यक्रमका लागि सहयोग उपलब्ध गराउन देहाय बमोजिमको आधार तय गरिएको छः

(क) कार्यक्रम उद्योग, पर्यटन, स्थानीय कृषि पर्यटन प्रवर्द्धन गर्ने खालको हुनु पर्नेछ।

(ख) गण्डकी प्रदेशको कुनै भूगोल विशेषलाई समेट्ने मेला, जात्रा वा पर्व हुनु पर्नेछ।

(ग) मेला, पर्व, जात्रा आदिले पर्यटकीय गतिविधि साथै आर्थिक क्रियाकलापलाई समेत सहयोग पुऱ्याउने हुनु पर्नेछ।

(घ) उद्योग र पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने खालको मेला महोत्सव हुनु पर्नेछ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा नेपाल

(२) उपदफा (१) बमोजिमका आधारमा आयोजना हुने मेला महोत्सवको आयोजकले मेला महोत्सब आयोजना हुने दिन भन्दा कम्तीमा १५ दिन अगाडी अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालयमा प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमका प्रस्तावहरूलाई मूल्याङ्कन समितिले अनुसूची-६ मा उल्लेखित सूचकका आधारमा मूल्याङ्कन गरी उत्तिर्णाङ्क प्राप्त गर्ने प्रस्तावलाई योग्यताक्रम निर्धारण गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट भएका प्रस्तावहरूलाई मन्त्रालयले उपलब्ध गराउने अनुदान सहयोग रकमको निर्णय गरी कार्यक्रम संचालन गर्न सम्झौता गर्नेछ ।

(५) उपदफा (४) बमोजिम मन्त्रालयले अनुदान सहयोग रकम निर्धारण गर्दा कार्यक्रमले समेट्ने क्षेत्र तथा महत्वका आधारमा बढीमा एक लाख रुपैयाँसम्म निर्धारण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको सम्झौताको शर्त बमोजिम कार्यसम्पन्न प्रतिवेदन, कार्यक्रम संचालन भएको पुष्ट्याई हुने हाजिरी, निर्णय, फोटो, भिडियो, सम्बन्धित स्थानीय तहको कार्यक्रम सम्पन्न भएको सिफारिस र कार्यक्रमसँग सम्बन्धित विल भरपाईका आधारमा सम्झौतामा उल्लेखित रकममा प्रचलित कानून अनुसार कर कट्टी गरी बाँकी रकम सम्बन्धित संघ संस्थाको बैंक खातामा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

**१८.** **<u>दिवस तथा प्रचार प्रसार कार्यक्रमः</u>** (१) मन्त्रालय तथा कार्यालयले पर्यटनसँग सम्बन्धित पर्यटन दिवस, अन्नपूर्ण, धवलागिरी र मनास्लु हिमाल आरोहणको प्रचार प्रसार साथै आरोग्य पर्यटन दिवस र आरोग्य पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछन्:

(क) पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याती प्राप्त व्यक्तित्वहरूलाई प्रदेशमा आमन्त्रण गरी छलफल तथा अन्तरक्रिया गर्ने,

(ख) आमन्त्रित व्यक्तित्वहरूलाई प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरूको अवलोकन भ्रमण गराउने,

(ग) आरोग्य पर्यटन प्रवर्द्धनका लागि योग, ध्यान तथा प्रणायम सम्बन्धी विविध क्रियाकलाप सञ्चालन गर्ने,

(घ) अन्नपूर्ण, धवलागिरी र मनास्लु हिमालको प्रथम आरोहण गरेको दिनको अवसरमा सम्बन्धित सरोकारवाला संघसंस्थाहरूको समन्वय सहकार्यमा पर्यटन प्रवर्द्धन सम्वन्धी विविध क्रियाकलापहरू संचालन गर्ने ।

(२) उद्योग दिवस मनाउँदा उद्योगीलाई सम्मान, छलफल, अन्तर्क्रिया र अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस मनाउँदा उपभोक्ता अधिकार सम्बन्धी सचेतना कार्यक्रम लगायत स्वीकृत अवधारणापत्र अनुसारका विविध कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) यस दफा बमोजिमको कार्यक्रमका लागि प्रचलित प्रदेश खर्चको मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ।

१९. **<u>पर्यटन पाठ्यक्रम निर्माण:</u>** (१) स्थानीय तहहरू संगको सहकार्यमा पर्यटन सम्बन्धी बिद्यालयस्तरिय स्थानीय अतिरिक्त पाठ्यक्रम निर्माणमा प्राबिधिक सहयोग गर्दा मन्त्रालयले सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहितको मागका आधारमा नमुना पाठ्यक्रम तयार गर्न प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक सहयोग उपलब्ध गराउँदा मन्त्रालयले अवधारणापत्र स्वीकृत गराउनुपर्नेछ।

२०. **<u>पर्वतारोहीलाई सहयोग तथा सम्मान कार्यक्रम:</u>** (१) गण्डकी प्रदेशमा रहेका आठ हजार मिटर भन्दा अग्ला हिमाल मध्ये कम्तिमा एउटा हिमाल आरोहण गरेका नेपाली पर्वतारोहीलाई प्रोत्साहन स्वरुप मन्त्रालयले निर्णय गरी आर्थिक सहयोग तथा सम्मान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग तथा सम्मानका लागि मन्त्रालयले प्रकाशन गरेको सूचना बमोजिम सम्बन्धित पर्वतारोहीले गण्डकी प्रदेश भित्रका हिमाल आरोहण गरेको पुष्टि हुने कागजात सहित मन्त्रालय समक्ष आवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सहयोग तथा सम्मान गर्दा यस अघि प्रदेश सरकारबाट सहयोग तथा सम्मान प्राप्त नगरेका आरोही छनौट गर्नुपर्नेछ।

२१. **<u>पदमार्गहरूमा सूचना पार्टी तथा संकेत चिन्हहरूको व्यवस्था:</u>** (१) प्रदेशभित्रका प्रमुख पर्यटकीय पदमार्गमा हुने पदयात्रालाई सहज बनाउन विभिन्न जानकारीमूलक सूचना पाटी, QR Code तथा संकेत चिन्हहरू राखिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना पाटी, QR Code र संकेत चिन्हहरू राख्दा त्यस्ता चिन्ह राखिएको स्थानको नाम, गन्तव्य सम्मको दुरी, समयावधि, रुट नक्सा, नजिकका बासस्थान लगायत अन्य जानकारीमूलक सूचना तथा संकेत चिन्हहरू राख्नुपर्नेछ।

## परिच्छेद-४

## सिप विकास तथा ढाका वस्तु विकास सम्बन्धी तालिम

२२. **सिप विकास तालिम सञ्चालनः** (१) सिप विकास तालिम सञ्चालन गर्दा देहाय बमोजिमका तालिमको अवधि अनुसार सञ्चालन गरिनेछः

(क) सात देखि पन्ध्र दिनसम्मको छोटो अवधिको तालिम,

(ख) सोह्र देखि पैंतालिस दिनसम्मको मध्यम अवधिको तालिम,

(ग) छयालिस देखि नव्वे दिनसम्मको लामो अवधिको तालिम ।

(२) उपदफा (१) बमोजिमको तालिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वा व्यवसायिक तथा सिप विकास तालिम प्रतिष्ठान वा गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानबाट निर्धारण भएका पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछ।

(३) सिप विकाससँग सम्बन्धित छोटो अवधिका तालिम सञ्चालन गर्न स्वीकृत पाठ्यक्रम उपलब्ध नभएमा संक्षिप्त पाठ्यक्रम तयार गरी मन्त्रालयबाट स्वीकृत गराइ कार्यान्वयन गर्न सकिनेछ।

(४) मध्यम र लामो अवधिका तालिम सञ्चालन गर्दा कम्तिमा तीन दिनको उद्यमशीलता विकास तालिम समावेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका अवधिका तालिम सञ्चालन गर्दा सम्बन्धित जिल्लामा बढी सम्भावना र महत्वका विषयसँग सम्बन्धित तालिम सञ्चालन गर्नु पर्नेछ।

(६) सिप विकास तालिम संचालन गर्दा उद्योग व्यवसायसँग आवद्ध संघ संस्था, स्थानीय तह र व्यवसायिक तथा सिप विकास तालिम केन्द्रसँगको साझेदारीमा समेत सञ्चालन गर्न सकिनेछ।

(७) कार्यालयले सिप विकास तालिम लिएका प्रशिक्षार्थीहरूको व्यक्तिगत विवरण सहितको अभिलेख अनुसूची-७ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

२३. **तालिम कार्यक्रम सञ्चालनको ढाँचाः** (१) दफा २२ बमोजिमको तालिम सञ्चालन गर्दा देहाय बमोजिमको ढाँचामा सञ्चालन गर्नु पर्नेछः

(क) सूचना प्रकाशन/प्रवाह

(ख) सहभागी छनौट

(ग) तालिम सञ्चालन

(घ) सहजीकरण

(ङ) अनुगमन र मूल्याङ्कन

(च) प्रतिवेदन

(२) तालिम कार्यक्रममा सहभागी छनौट गर्न कार्यालय प्रमुखले आवश्यकता अनुसार तीन सदस्यीय छनौट समिति गठन गर्न सक्नेछ।

(३) तालिम सम्पन्न भइसकेपछि प्रशिक्षार्थीहरू उद्यमी बने नबनेको सम्बन्धमा कार्यालयले व्यवस्थित अभिलेख राख्नु पर्नेछ र आर्थिक वर्षको अन्तमा सोको विवरण मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(४) तालिमका प्रशिक्षार्थी छनौट तथा तालिम सञ्चालन सम्बन्धमा स्थानीय तहमा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँग समन्वय गर्न सकिनेछ।

२४. **<u>तालिम प्रशिक्षक छनौटः</u>** तालिमको लागि प्रशिक्षक छनौट गर्दा प्रचलित कानुन बमोजिम योग्यता पुगेको व्यक्ति छनौट गर्नु पर्नेछ।

तर परम्परागत सिपमा आधरित र कुनै विशेष शैक्षिक योग्यता आवश्यक नपर्ने विषयको तालिम सञ्चालनका लागि प्रशिक्षक छनौट गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

२५. **<u>तालिम कार्यक्रमको लागत अनुमानः</u>** (१) तालिम सञ्चालन गर्दा देहायका शिर्षक बमोजिमको लागत अनुमान तयार गर्नु पर्नेछः-

(क) तालिम उद्घाटन र समापन
(ख) सहभागी र प्रशिक्षकको खाजा खर्च
(ग) तालिम स्टेशनरी खर्च
(घ) सहभागीलाई स्टेशनरी खर्च
(ङ) प्रतिवेदन लेखन र प्रमाण पत्र छपाइ खर्च
(च) प्रशिक्षक खर्च
(छ) तालिम अनुगमन र मूल्याङ्कन खर्च
(ज) तालिम संयोजन र सहयोगी खर्च (बढीमा तीन जनासम्म)
(झ) हलभाडा (तालिम दिँदा सम्भव भएसम्म कार्यालय वा अन्य सरकारी निकाय वा सार्वजनिक संघ संस्थाको हल प्रयोग गर्नु पर्नेछ।)
(ञ) विविध

(२) उपदफा (१) बमोजिमको लागत अनुमान बनाउदा गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम गर्नु पर्नेछ।

२६. **<u>तालिमबाट उत्पादित सामाग्रीको बिक्रीः</u>** (१) तालिमबाट उत्पादित सामाग्रीहरूको मूल्य निर्धारण गरी बिक्री गर्न देहाय बमोजिमको एक बिक्री मूल्य निर्धारण समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, कार्यालय | संयोजक |
| (ख) जिल्लास्थित प्रदेश लेखा इकाइको प्रतिनिधि | सदस्य |
| (ग) सम्बन्धित तालिम प्रशिक्षक | सदस्य |
| (घ) जिन्सी वा लेखा हेर्ने कर्मचारी, कार्यालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले तालिममा प्रयोग भएको कच्चा पदार्थ र सहायक कच्चा पदार्थको गुणस्तरको आधारमा मूल्याङ्कन गर्दा परल मूल्यमा बढीमा पच्चीस प्रतिसतसम्म मूल्य घटाइ बिक्री मूल्य कायम गर्नु पर्नेछ।

(३) तालिम सञ्चालन भइरहेको समयमा प्रशिक्षार्थी, कोसेली घर वा स्थानीय व्यक्तिले उत्पादित सामाग्री खरिद गर्न चाहेमा मूल्याङ्कन गरी कायम भएको मूल्यमा तीस प्रतिसतसम्म छुट हुने गरी बिक्री गर्न सकिनेछ।

(४) बिक्री नभएका उत्पादित सामाग्रीहरू तालिम समापन भएको सात दिनभित्र जिन्सी दाखिला गर्नु पर्नेछ। यसरी दाखिला भएको सामाग्रीहरू छ महिनाभित्र उपदफा (३) बमोजिमको छुट मूल्यमा बिक्री गर्नु पर्नेछ।

(५) जिन्सी दाखिला भएको मितिले छ महिना सम्ममा पनि उपदफा (३) बमोजिमको छुट मूल्यमा बिक्री हुन नसकेमा उपदफा (२) बमोजिम कायम भएको मूल्यको पचास प्रतिसत छुट मूल्यमा बिक्री गर्न सकिनेछ।

(६) उपदफा (५) बमोजिम उक्त सामाग्रीहरू एक वर्षसम्ममा पनि बिक्री नभएमा प्रचलित कानुन बमोजिम स्थापना भएका कोशेली घर, सामूदायिक संघ संस्था र अन्य सामाजिक संस्थाहरूलाई हस्तान्तरण गर्न सकिनेछ।

२७. **ढाका वस्तु विकास कार्यक्रम :** (१) कार्यालयले ढाका वस्तु विकास कार्यक्रम मार्फत आधुनिक डिजाईनका वस्तुहरू उत्पादन गर्न उद्योग गरिरहेका वा उद्योग स्थापना गर्ने सोच भएका उद्यमशिल व्यक्तिहरूलाई सक्षम बनाउन विभिन्न अवधिका तालिम कार्यक्रम संचालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तालिम संचालन गर्दा योग्यता पुगेका प्रशिक्षकको व्यवस्था गरी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम लागत अनुमान तयार गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

(३) ढाका वस्तु विकास कार्यक्रमबाट सञ्चालन गरिने तालिमका लागि नियमित वार्षिक कार्ययोजना बमोजिम तालिम सञ्चालन गर्नुपर्ने भएमा कार्यालयले प्रतिस्पर्धात्मक विधीबाट एक जना मुख्य प्रशिक्षकको व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम संचालित तालिमबाट उत्पादित सामाग्रीको विक्री सम्वन्धी व्यवस्था दफा २६ बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद-५

## प्रविधि हस्तान्तरण

२८. **उद्योग प्रवर्द्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरणः** (१) प्रचलित कानुन बमोजिम कार्यालयमा दर्ता भई उद्योग सञ्चालन गरिरहेका उद्यमीहरूलाई सञ्चालित उद्योगको विकास र प्रवर्द्धनका लागि साझेदारीमा निजहरूको पचास प्रतिसत लागत साझेदारीमा उपयुक्त तथा आधुनिक प्रविधि खरिदका लागि अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम प्रविधी खरिदका लागि मेशिन औजार उपलब्ध गराउँदा उद्योगको उत्पादकत्व अभिबृद्दी र गुणस्तर सुधार हुने गरी उत्पादन प्रकृयामा सहयोगी हुने प्रकृतिका मेशिन औजारहरू मात्र उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रविधि खरिदमा अनुदान रकम उपलब्ध गराउदा प्रविधिको कुल मूल्यको पचास प्रतिसत रकम वा पचास हजार रुपियाँ मध्ये जुन कम हुन्छ सोही रकम त्यस्तो प्रविधि खरिदका लागि कार्यालयले उपलब्ध गराउनेछ।

२९. **<u>एक महिला एक सीप कार्यक्रमः</u>** (१) प्रचलित कानुन बमोजिम महिलाहरूको नाममा दर्ता भएका उद्योग, फर्म, कम्पनी, समुह, संस्था, सहकारीले स्थापना गरेका उद्योगहरूको उत्पादन प्रकृयामा सहयोगी हुने मेशिन, औजार, उपकरण हस्तान्तरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रविधि सहयोग गर्दा उपलब्ध गराउने प्रविधिको नीजि उद्योग भए एक लाख रुपैयाँसम्म र समुह, संस्था, सहकारीले स्थापना गरेका उद्योग भए दुई लाख पचास हजार रुपैयाँमा नबढ्ने गरि खरिद मूल्यको पचास प्रतिसत रकम कार्यालयले लाभग्राहीको बैङ्क खातामा उपलब्ध गराउन सक्नेछ।

३०. **<u>प्रस्ताव आव्हानः</u>** दफा २८ र २९ बमोजिम प्रविधि हस्तान्तरणका लागि प्रस्ताव आव्हान गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) इच्छुक उद्यमीहरूबाट प्रविधि मागको प्रस्ताव पेश गर्न कार्यक्रम सञ्चालन गर्ने निकायले राष्ट्रियस्तरको पत्रिकामा पन्ध्र दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना मन्त्रालय तथा सम्बन्धित कार्यालयको वेवसाइटमा राखुका साथै सूचना पाटीमा समेत टाँस्नु पर्नेछ।

(ख) इच्छुक उद्यमीहरूले सूचनामा तोकिएको मितिभित्र सम्बन्धित कार्यालयमा आफूलाई आवश्यक प्रविधिको विवरण सहित अनुसूची-८ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(ग) उद्यमीहरूले कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा उद्योग व्यवसाय दर्ता, नवीकरण, PAN/VAT दर्ता, कर चुक्ता पत्र, अघिल्ला पाँच आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वःघोषणापत्र, व्यवसायिक योजना, खरिद गर्न चाहेको प्रविधिको स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशनका साथै सम्बन्धित वडा कार्यालयको प्रविधि आवश्यक रहेको बेहोराको सिफारिस समेत पेश गर्नु पर्नेछ।

३१. **<u>मूल्याङ्कन तथा छनौट समितिः</u>** (१) दफा ३० को उपदफा (१) बमोजिम प्राप्त प्रस्तावहरू मूल्याङ्कन गरी उपयुक्त प्रस्तावहरू छनौट गर्नको लागि सम्बन्धित कार्यालयमा एक मूल्याङ्कन तथा छनौट समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन तथा छनौट समितिमा देहायका सदस्यहरू रहनेछन्:

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत -संयोजक

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइको प्रतिनिधि -सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(घ) उद्योग शाखा प्रमुख वा कार्यालय प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार एक जना विषय विज्ञ सहित दुईजनालाई आमन्त्रण गर्न सकिनेछ।

(६) प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन तथा छनौट समितिले दफा २८ बमोजिमको प्रविधि हस्तान्तरणको लागि अनुसूची-९ बमोजिम र दफा २९ बमोजिमको प्रविधि हस्तान्तरणको लागि अनुसूची-१० बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।

(७) मूल्याङ्कन तथा छनौट समितिले प्राप्त प्रस्ताव मूल्याङ्कन गरी न्यूनतम पचास प्रतिसत अङ्क प्राप्त गर्ने प्रस्ताव योग्यता क्रमका आधारमा सूची तयार गर्नेछ।

(८) मूल्याङ्कन तथा छनौट समितिले प्राप्त प्रस्ताव मूल्याङ्कनका सिलसिलामा आवश्यकता अनुसार अनुगमन गरी गराई प्रतिवेदन लिन सक्नेछ।

(९) समितिले स्वीकृत बजेटको सिमा भित्र रही उपदफा (७) बमोजिमको योग्यताक्रमको सूचीका आधारमा बजेटको बाँडफाँट गरी स्वीकृतिका लागि सिफारिस गर्नेछ।

३२. **प्रस्तावको स्वीकृतिः** मूल्याङ्कन तथा छनौट समितिले मूल्याङ्कन गरी सिफारिस गरेका प्रस्तावहरू कार्यालयले स्वीकृत गर्नु पर्नेछ।

३३. **प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियाः** कार्यालयले प्रविधि हस्तान्तरण गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) मूल्याङ्कन तथा छनौट समितिले सिफारिस गरे वमोजिमको प्रविधि खरिदका लागि प्रचलित कानुनको अधिनमा रही उद्यमीसँग सम्झौता गरी उपलब्ध गराइनेछ।

(ख) दफा २८ र २९ बमोजिम वितरण गरिने प्रविधी कार्यालयले खरिद गरी उद्यमीहरूलाई हस्तान्तरण गर्दा प्रविधि प्राप्त गर्ने उद्यमीले दफा २८ को उपदफा (३) र दफा २९ को उपदफा (२) बमोजिम उद्यमीले व्यहोर्नुपर्ने रकम सम्बन्धित आपूर्तिकर्ताको खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्नेछ।

(ग) कार्यालयबाट प्रदान गरिने दफा २८ र २९ बमोजिमको प्रविधि प्राप्त गर्ने उद्यमी स्वयंले प्रविधि खरिद गरेको खण्डमा उद्यमीले प्रविधि वापतको कुल रकम आपूर्तिकर्ताको खातामा जम्मा गरी सो को प्रमाण पेश गरेपछी मात्र कार्यालयले दफा २८ को उपदफा (३) र दफा २९ को उपदफा (२) बमोजिमको रकम सम्बन्धित उद्यमीको बैंक खातामा भुक्तानी गर्नेछ।

(घ) खण्ड (ग) बमोजिम खरिद गरिएको प्रविधि बापतको रकम उद्यमीको बैङ्क खातामा जम्मा गर्नु अघी कार्यालयले स्पेशिफिकेसन अनुसारको प्रविधि जडान भए नभएको सम्बन्धमा निरिक्षण गरि प्राप्त प्रतिवेदन र सम्बन्धित स्थानीय तहको वडा कार्यालयबाट प्रविधि जडान भएको भन्ने बेहोराको सिफारिस समेत पेश गर्नुपर्नेछ।

३४.  **<u>प्रविधि अनुदानका शर्तहरू:</u>** प्रविधि अनुदानका शर्तहरू देहाय वमोजिम रहेका छन्:-

(क) उद्यमीले अनुदान स्वरुप प्राप्त गरेको प्रविधि उद्योग सञ्चालनको उद्देश्य अनुरुप बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन।

(ख) कार्यालयबाट प्राप्त गरेको उक्त प्रविधि अरुलाई हक हस्तान्तरण वा बिक्री वितरण गर्न पाइने छैन। उक्त प्रविधि अरुलाई हक हस्तान्तरण वा बिक्री वितरण गरेमा प्रचलित कानुन वमोजिम असुल उपर गरी त्यस्ता उद्यमीलाई यस कार्यक्रमबाट पुनः प्रविधि उपलब्ध गराइने छैन।

(ग) सम्झौता वमोजिम प्रविधिको उपयोग नगर्ने उद्यमीलाई उपलब्ध गराइएको प्रविधि वापतको रकम असुल उपर गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

(घ) प्रविधि हस्तान्तरण गर्दा एक पटक पनि प्रविधि प्राप्त नगरेका उद्यमीलाई प्राथमिकता दिनु पर्नेछ।

(ङ) प्रविधि हस्तान्तरण गर्दा मूल्याङ्कनमा प्राप्त भएको अधिकतम अङ्कलाई आधार मानी प्राथमिकता निर्धारण गरी वितरण गर्नुपर्नेछ ।

(च) कार्यालयले उद्यमीलाई अनुदानमा उपलब्ध गराइएको प्रविधिमा कार्यालयको नाम, अनुदान रकम तथा प्रदान गरिएको आर्थिक वर्ष खुल्ने गरी स्थायी स्टिकर टाँस गरी प्रदान गर्नुपर्नेछ।

३५.  **<u>अनुगमन, निरीक्षण तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u>** (१) यस मापदण्ड बमोजिम उपलब्ध गराइने प्रविधिको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले समय समयमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रमको निरीक्षण अनुगमन गर्न र गराउन सक्नेछ।

(३) कार्यालयले अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनमा प्रविधि हस्तान्तरण पश्चात उद्यमी र प्रविधिको तस्वीर वा भिडियो डकुमेन्ट्री समेत समावेश गर्नुपर्नेछ।

## परिच्छेद-६

## <u>घरबास (होमस्टे) सँग सम्बन्धित कार्यक्रम</u>

३६.  **<u>होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्धि तालिम:</u>** (१) प्रचलित कानुन बमोजिम दर्ता भई प्रदेश भित्र सञ्चालनमा रहेका होमस्टेका सञ्चालकहरूको क्षमता अभिवृद्धिका लागि देहाय बमोजिमका तलिम कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछः

(क) नेतृत्व विकास तालिम,

(ख) सूचना प्रविधि सम्बन्धी तालिम,

(ग) पाक शिक्षा तालिम।

(२) उपदफा (१) बमोजिम तालिम कार्यक्रममा कम्तिमा दश जना होमस्टे सञ्चालकको सहभागिता हुनु पर्नेछ र कार्यक्रमको अवधि कम्तिमा तीन दिनको हुनु पर्नेछ।

(३) कार्यालयले सम्बन्धित विषयमा जानकार व्यक्तिलाई तालिम प्रशिक्षकको रुपमा छनौट गर्न सक्नेछ। तालिम कार्यक्रम कार्यालयले वा कुनै संघ संस्थासँगको सहकार्यमा सञ्चालन गर्न सक्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्रम सञ्चालनका सम्बन्धमा लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेछ।

(५) तालिम कार्यक्रम सैद्धान्तिक र प्रयोगात्मक दुवै हुनेछ।

३७. **होमस्टेको असल अभ्यास आदानप्रदान कार्यक्रमः** (१) होमस्टे महासंघ नेपाल, गण्डकी प्रदेश पोखरासँगको सहकार्यमा प्रदेशभित्रका होमस्टे सञ्चालकहरूलाई होमस्टेहरूमा भएका असल अभ्यासका सम्बन्धमा अनुभव आदानप्रदान गराइनेछ।

(२) असल अभ्यास आदानप्रदान कार्यक्रममा सहभागी छनौट गर्दा कुनै एक सामुदायिक होमस्टेबाट बढीमा दुईजना सञ्चालकलाई छनौट गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम होमस्टेका असल अभ्यास आदानप्रदानका लागि गन्तव्य होमस्टे छनौट गर्दा जाति विशेषको धर्म, संस्कृति र पहिचान झल्कने, कला संस्कृतिको संरक्षण र जगेर्ना गर्ने गरेका तथा कुनै विशेष पहिचान बनाएका होमस्टेलाई प्राथमिकता दिइनेछ।

(४) कार्यक्रम सञ्चालनको ढाँचा, अवधि र लागत अनुमान सहितको कार्यक्रम प्रस्ताव मन्त्रालयबाट स्वीकृत गराइ कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

३८. **होमस्टेहरूको गुणस्तर मानक तर्जुमा, मूल्याङ्कन, स्तरीकरणः** (१) होमस्टेहरूको गुणस्तर मानक तर्जुमा, मूल्याङ्कन, स्तरीकरणका लागि अनुसूची-११ बमोजिमको मूल्याङ्कन फारामका सूचकका आधारमा मूल्याङ्कन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको फाराम सम्बन्धित होमस्टे संचालकहरूले भरी आँफै वा कार्यालय मार्फत मन्त्रालयमा पठाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त फारमहरूको मूल्याङ्कन र स्तरीकरणको कार्य मन्त्रालयले स्वीकृत गरेको नर्म्स / अवधारणापत्र बमोजिम हुनेछ।

## परिच्छेद-७
## विविध

३९. **विद्यालयस्तरमा पर्यटन सचेतना कार्यक्रम :** (१) विद्यालयस्तरमा पर्यटन सचेतना कार्यक्रम सञ्चालन गर्दा देहायका विषयहरू समावेश गर्नु पर्नेछः-

(क) पर्यटनको महत्व र आवश्यकता,

(ख) पर्यटकलाई गर्नुपर्ने आतिथ्यता, स्वागत सत्कार,

(ग) सदाचार, नैतिकता र आचरण,

(घ) पर्यटकीय उपजहरूको जानकारी, उपयोग र संरक्षण,

(ङ) पर्यटन सम्वन्धी नीतिगत र कानूनी व्यवस्थाको सामान्य जानकारी।

(२) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा सम्बन्धित विद्यालय र स्थानीय तहको समन्वय र सहकार्यमा जिल्लाका प्रमुख पर्यटकीय गन्तव्य रहेका क्षेत्रहरूमा अवस्थित विद्यालयहरूलाई क्रमशः छनौट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम छनौट गरिएको विद्यालयमा कार्यक्रम संचालन गर्दा नियमित पठनपाठनलाई बाधा नपार्ने गरी न्युनतम १ घण्टा ३० मिनेटको अवधिमा सम्भव भएसम्म कक्षा ८ देखि १२ सम्मका विद्यार्थिहरूलाई सहभागी गराउनुपर्नेछ।

४०. **उपभोक्ता सचेतना जागरण कार्यक्रमः** (१) उपभोक्ता सचेतना जागरण कार्यक्रम सञ्चालन गर्दा देहायका विषयहरू समावेश गर्नु पर्नेछः-

(क) उपभोक्ता हकहित सम्बन्धी कानुनको जानकारी,

(ख) उपभोग्य वस्तुहरू खरिद गर्दा ध्यान दिनु पर्ने विषयहरू,

(ग) अत्यावश्यक वस्तुहरू बारे जानकारी,

(घ) उपभोक्ता अधिकार र यसको सन्दर्भमा अन्य समसामयिक विषयहरूको जानकारी।

(२) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा सम्बन्धित जिल्लाका स्थानीय तहहरू समेट्ने गरी कक्षा ८ देखि १२ सम्मका विद्यार्थी वा उपभोक्ताहरूको प्रतिनिधित्व हुने गरी छुट्टाछुट्टै रुपले सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम विद्यालयमा सञ्चालन गर्दा सम्बन्धित विद्यालय र स्थानीय तहको समन्वय र सहकार्यमा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम विद्यालयमा संचालन गर्दा कम्तिमा १ घण्टा ३० मिनेट अवधिको हुन पर्नेछ ।

(५) उपभोक्ता सचेतना सम्बन्धी सन्देशमूलक चार्ट तयार गरी विद्यालयहरूमा राख्न सकिनेछ।

४१. **नेचर गाईड सम्वन्धी सामाग्री खरिद र हस्तान्तरणः** (१) नेचर गाईडका लागि आवश्यक सामाग्री खरिद तथा हस्तान्तरण कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जिल्ला स्थित नेचर गाईड सम्वद्द संघसंस्थाको समन्वयमा नेचर गाईडका लागि आवश्यक पर्ने सामाग्री पहिचान गर्ने।

(ख) कार्यालयले नियमानुसार सामान खरिद गरी नेचर गाईड सम्वद्द संघसंस्थालाई हस्तान्तरण गर्ने।

४२. **बाधा अड्काउ फुकाउन सक्नेः** यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**अनुसूची-१**

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

<u>योजना सम्झौता फारम</u>

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

...................................................... कार्यालय

........... गण्डकी प्रदेश ।

१. सम्झौता गर्ने पक्ष र आयोजनाः

(क)उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाको विवरणः

१. नामः

२. ठेगानाः

(ख)आयोजनाको विवरणः

१. आयोजनाको नामः

२. आयोजना स्थलः

३. आयोजनाको उद्देश्यः

४. आयोजना शुरु हुने मितिः

५. आयोजना सम्पन्न हुने मितिः

२. आयोजनाको लागत सम्बन्धी विवरणः

(क)लागत अनुमान रु.

(ख)लागत व्यहोर्ने स्रोतहरूः

१. ............. कार्यालयः

२. उपभोक्ता समिति/प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाः

३. अन्यः

(ग) वस्तुगत अनुदानको विवरण सामाग्रीको नाम र इकाईः

१. नेपाल सरकारबाट

२. प्रदेश सरकारबाट

३. स्थानीय तहबाट

४. गैह्रसरकारी संघसंस्थाबाट

५. उपभोक्ता समिति/प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाबाट

६. अन्य निकायबाट

(घ) आयोजनाबाट लाभान्वित हुनेः

१. घर परिवार संख्याः

२. जनसङ्ख्याः

३. संगठित संस्थाः

४. अन्यः

३. उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाको विवरणः

(क)गठन भएको मितिः

(ख)पदाधिकारीको नाम, ठेगाना र नागरिकता प्रमाण पत्र नं

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सचिव

५. सदस्य

६. सदस्य

७. सदस्य

(ग) गठन गर्दा उपस्थित लाभान्वितको सङ्ख्याः

४. आयोजना सञ्चालन सम्बन्धी अनुभवः

५. उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाले प्राप्त गर्ने रकम विवरणः

| क्र.स. | किस्ता | मिति | रकम | निर्माण सामाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो | | | | |
| २ | दोस्रो | | | | |
| ३ | तस्रो | | | | |
| | जम्मा | | | | |

६. आयोजना मर्मत सम्भार सम्बन्धी व्यवस्थाः

(क)आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नामः

(ख)मर्मत सम्भारको सम्भावित स्रोत (छ/छैन खुलाउने)

जनश्रमदान ☐ सेवा शुल्क ☐ दस्तुर, चन्दाबाट ☐ अन्य केही भए ☐

७. उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाको जिम्मेवारी तथा पालना गर्नु पर्ने शर्तहरूः

१. आयोजना मिति .................... देखि शुरु गरी मिति .......................... सम्ममा पुरा गर्नु पर्नेछ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागिमात्र प्रयोग गर्नु पर्नेछ।

३. नगदी जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ।

४. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी भुक्तानीको लागि माग गर्नु पर्नेछ।

५. आयोजनाको कुल लागत भन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिसत निर्धारण गरी भुक्तानी लिनुपर्नेछ।

६. उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवम् निर्देशन अनुरुपको काम गर्नु पर्नेछ।

७. उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित बिल भरपाईहरू, डोर हाजिर फारमहरू, जिन्सी, नगदी खाताहरू, समिति/समूहको निर्णय पुस्तिका आदि कागजातहरू कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धी कर, दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ।

९. मुल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा रु. २०,००० भन्दा बढि मुल्यको सामाग्रीमा अनिवार्य रुपमा मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुप्नेछ। साथै उक्त बिलमा उल्लेखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिसत अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ। रु. २०,००० भन्दा कम मुल्यको सामाग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट पनि खरिद गर्न सकिनेछ। अन्यथा खरिद गर्ने पदाधिकारी स्वयं जिम्मेवार हुनेछ।

१०. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै दुई आईटममा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/ कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ। यसरी लागत अनुमान संसोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूह नै जिम्मेवार हुनेछ।

११. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरू मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो समिति नभए सम्बन्धित कार्यालयलाई बुझाउनुपर्नेछ। तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीका लागि बुझाउनुपर्नेछ।

१२. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपि सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

१३. पूर्वाधार निर्माण सुरु हुन पूर्व, निर्माण चरण र निर्माण सम्पन्न पश्चातको तस्वीरहरू कार्यसम्पन्न प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

१४. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनुपर्नेछ। साथै आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धित उपभोक्ताहरूले नै गर्नु पर्नेछ।

१५. आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा समूहले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को अनुसूची-१६ बमोजिमको ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ।

१६. आयोजनाको दिगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ।

१७. आयोजनाको सबै काम प्राविधिकको राय सल्लाह बमोजिम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ।

**८. कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरूः**

१. आयोजनाको बजेट उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितका पदाधिकारीहरूलाइ अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ।

३. आयोजनाको प्राविधिक सुपरीवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाइनेछ। उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ।

४. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराइ सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्द गरि उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ।

६. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्बन्धत उपभोक्ता समितिबाट अनुरोध भइ आएपछि उपभोक्ता समितिलाइ बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ।

७. यसमा उल्लेख भए बमोजिमका शर्तहरू पालना गर्न हामी निम्न पक्षहरू मन्जुर गर्दछौं।

**उपभोक्ता समिति/ समूहको तर्फबाट**

दस्तखत.........................
नामथर..........................
पद...............................
ठेगाना..............................
सम्पर्क नं..........................
मिति.................................
छापः ..............................

**कार्यालयको तर्फबाट**

दस्तखत.........................
नामथर..........................
पद...............................
ठेगाना..............................
सम्पर्क नं..........................
मिति.................................
छापः ..............................

**अनुसूची-२**

(दफा ९ सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

............... कार्यालय

..........., गण्डकी प्रदेश ।

## आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नाम:

२. आयोजना संचालन गर्ने कार्यालयको नाम:

३. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं. :

४. आयोजनाको कुल लागत रकम रु. :

  क. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रकम रु.

  ख. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रु.

५. आयोजना सम्झौता मिति:

६. आयोजना सम्पन्न गर्ने मिति:

७. आयोजनाका प्रमुख कार्यहरू वा प्रमुख संरचनाको परिमाण वा संख्या:

**अनुसूची-३**

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

............... कार्यालय

..........., गण्डकी प्रदेश।

**<u>उपभोक्ता समितिको अभिलेख</u>**

| क्र.स | योजनाको नाम | ठेगाना | उपभोक्ता समितिको नाम | पदाधिकारीको नाम र सम्पर्क नं | | | बैंक | बैंक खाता नं |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष | सचिव | कोषाध्यक्ष | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**<u>आ.व....... मा निर्माण सम्पन्न पूर्वाधारको अभिलेख</u>**

| क्र.स | पूर्वाधारको नाम | ठेगाना | कुल लागत रकम | पदमार्गको हकमा कुल लम्बाइ (मि/कि.मी) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः पदमार्गको हकमा कैफियत महलमा स्थानीय सामाग्रीमात्र प्रयोग भएको वा कंक्रीट भन्ने खुलाउनु पर्नेछ।

**अनुसूची - ४**

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

<u>पेन्टीङ बोर्ड वा शिलालेखको ढाँचा</u>

| |
|---|
| गण्डकी प्रदेश सरकार<br>उद्योग तथा पर्यटन मन्त्रालय<br>बाट निर्मित<br>आ.व. २०८३/८४<br>कार्यान्वयन गर्ने कार्यालय : एकिकृत सेवा कार्यालय, ................................ |

## अनुसूची ५

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

उद्योग तथा पर्यटन प्रवर्द्धनात्मक मेला/महोत्सवका लागि आर्थिक सहयोग माग गर्दा पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

**१. कार्यक्रमको पृष्ठभूमिः**

**२. कार्यक्रमको संक्षिप्त परिचय**

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन स्थलः

कार्यक्रम सञ्चालन मितिः

आयोजक संस्थाः

मुख्य प्रायोजक/प्रायोजकः

सहयोगी निकायहरूः

अनुमानित कुल लागतः

**३. संस्थाको परिचय**

संस्थाको नामः

संस्थाको ठेगानाः

संस्था दर्ता मितिः

संस्थाको सम्पर्क फोन/मोबाइल नम्बरः

संस्थाको ईमेल ठेगानाः

संस्थाको अध्यक्ष/प्रमुखको नामः

मोबाइल नं.:

**४. संस्थाको विगतको कार्य अनुभवः**

विगतमा आयोजना गरेका मेला, महोत्सव, प्रदर्शनी तथा अन्य कार्यक्रमको विवरणः

| क्र.सं. | कार्यक्रमको नाम | आयोजना साल | स्थान | सहभागी/दर्शक संख्या | कुल लागत | प्राप्त सहयोग |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**५. विगतको अनुदान फछ्र्यौट तथा लेखापरीक्षणको अवस्थाः**

**६. कार्यक्रमको औचित्यः**

**७. कार्यक्रमको मुख्य उद्देश्यहरूः**

**८. कार्यक्रमको प्रमुख आकर्षणहरूः**

**९. कार्यक्रममा सञ्चालन हुने प्रवर्द्धनात्मक क्रियाकलापहरू**

**क) स्थानीय/रैथाने उत्पादन र हस्तकलाका स्टल संख्याः**

| क्र.सं. | उत्पादन क्षेत्र | प्रस्तावित स्टल संख्या | लक्षित उत्पादक |
|---|---|---|---|
| १ | कृषि तथा खाद्य उत्पादन | | |
| २ | रैथाने उत्पादन | | |
| ३ | हस्तकला | | |
| ४ | घरेलु तथा साना उद्योग | | |
| ५ | महिला उद्यमी | | |
| ६ | अन्य | | |

**ख) स्थानीय प्रविधि, कृषि तथा साना उद्योग प्रवर्द्धन योजनाः**

**ग) स्थानीय उद्यम प्रवर्द्धन, व्यापारिक क्रियाकलाप प्रवर्द्धन र महिला उद्यमशीलता प्रवर्द्धनः**

**घ) व्यापारिक पहुँच, नेटवर्किङ र बजारीकरण योजनाः**

**१०. पर्यटन, संस्कृति तथा नवीनता**

**क) पर्यटन प्रवर्द्धन योजनाः**

**ख) स्थानीय कला, संस्कृति तथा मौलिकता प्रवर्द्धन योजनाः**

**ग) कार्यक्रममा नवीनताः**

**११. अपेक्षित सहभागी, दर्शक तथा पर्यटकः**

| लक्षित समूह | अनुमानित संख्या | कैफियत |
|---|---|---|
| स्थानीय उपभोक्ता | | |
| छिमेकी जिल्लाबाट आउने दर्शक | | |
| राष्ट्रिय पर्यटक | | |
| अन्तर्राष्ट्रिय पर्यटक | | |
| उद्योगी/व्यवसायी | | |
| कृषक/उत्पादक | | |
| विद्यार्थी/युवा | | |
| कलाकार | | |
| अन्य | | |
| जम्माः | | |

**१२. अपेक्षित आर्थिक प्रभाव**

**क) मेला अवधिमा हुने अनुमानित कारोबार रु. .........................**

**ख) स्थानीय होटल, रेष्टुरेन्ट, यातायात, कृषि, उद्योग, व्यापार तथा अन्य सेवाक्षेत्रमा पर्ने सकारात्मक प्रभावः**

**ग) स्थानीय कारोबार तथा रोजगारी सिर्जनाः**

**१३. कार्यक्रमको लागत अनुमान तथा स्रोत व्यवस्थापन**

**क) कार्यक्रमको अनुमानित लागत**

| क.सं. | कार्यक्रम शीर्षक | अनुमानित रकम रू. |
|---|---|---|
| | | |

**ख) आर्थिक स्रोत व्यवस्थापन योजना**

| क.सं. | स्रोत | रकम रू. |
|---|---|---|
| | | |

**ग) लागत साझेदारी**

| स्रोत | रकम रु. | प्रतिसत | कैफियत |
|---|---|---|---|
| आयोजक संस्थाको योगदान | | | |
| स्थानीय तहको योगदान | | | |
| प्रदेश सरकारबाट माग गरिएको अनुदान | | | |
| निजी क्षेत्र/प्रायोजक | | | |
| अन्य स्रोत | | | |
| जम्माः | | | |

**१४. माग गरिएको अनुदानको उपयोग/औचित्य**

प्रदेश सरकारबाट रु. ..................................... अनुदान माग गरिएको हुँदा उक्त रकम देहायका कार्यक्रम तथा क्रियाकलापमा उपयोग गरिनेछः

| क.सं. | कार्यक्रम/क्रियाकलाप | अनुदानबाट प्रस्तावित खर्च रू. |
|---|---|---|
| १ | स्थानीय उत्पादन प्रवर्द्धन | |

| | | |
|---|---|---|
| २ | निःशुल्क स्टल व्यवस्थापन | |
| ३ | पर्यटन प्रवर्द्धन सम्बन्धी प्रचारप्रसार | |
| ४ | व्यापारिक/औद्योगिक अन्तरसम्वाद/Meet कार्यक्रम | |
| ५ | अन्य | |
| | जम्मा: | |

**१५. कार्यक्रम सञ्चालन कार्ययोजना**

**क) समिति/उपसमिति गठन तथा परिचालनः**

**ख) मुख्य क्रियाकलाप योजनाः**

| क्र.सं. | क्रियाकलाप | समयावधि | जिम्मेवार व्यक्ति/समिति/उपसमिति/निकाय |
|---|---|---|---|
| | | | |

**१६. अपेक्षित उपलब्धि तथा प्रभावः**

**१७. पारदर्शिता, अनुगमन तथा प्रतिवेदनको व्यवस्थाः**

**१८. प्रतिबद्धताः**

उपर्युक्त विवरणहरू सत्य रहेको तथा प्रस्तावित मेला/महोत्सव निर्धारित उद्देश्य, स्वीकृत कार्यक्रम तथा प्रचलित कानूनबमोजिम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम तोकिएको प्रयोजनमा मात्र खर्च गरी प्रचलित कानूनबमोजिम फछ्र्यौट गर्नेछौं।

प्रस्ताव पेश गर्ने संस्थाको आधिकारिक व्यक्तिको:

दस्तखतः ......................................

नामः .......................................

पदः ..........................................

सम्पर्क नम्बरः ....................................

संस्थाको छापः

**संलग्न कागजातहरूः**

- संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र
- गत आ.व.को करचुक्ता प्रमाणपत्र
- पछिल्लो लेखापरीक्षण प्रतिवेदन
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- मेला/महोत्सव आयोजना गर्ने सम्बन्धी कार्यसमितिको निर्णय
- अनुदान माग गर्ने सम्बन्धी कार्यसमितिको निर्णय
- संस्थाको विधानको प्रतिलिपि

**अनुसूची ६**

दफा १७ को उपदफा (३) सँग सम्बन्धित

## प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्क |
|---|---|---|
| १ | **आयोजक संस्थाको क्षमता र वैधानिकता** | १५ |
| | • दर्ता र नवीकरण- ५<br>• विगतको अनुदानको फछ्र्यौट-५<br>• लेखापरीक्षण - ५ | |
| २ | **स्थानीय उद्योग, कृषि र रैथाने उपज प्रवर्द्धन** | २५ |
| | • स्थानीय/रैथाने उत्पादन र हस्तकलाका स्टलको अनुपात २०-३०% - १०<br>• स्थानीय प्रविधि, कृषि तथा साना उद्योग प्रवर्द्धनको स्पष्ट योजना -५<br>• स्थानीय उद्यम प्रवर्द्धन, व्यापारिक क्रियाकलाप प्रवर्द्धन र महिला उद्यमशीलता प्रवर्द्धन -५<br>• व्यापारिक पहुँच, B&B meet, नेटवर्किङ र बजारीकरण व्यवस्था - ५ | |
| ३ | **पर्यटन, संस्कृति र नवीनता** | २० |
| | • प्रादेशिक पर्यटन प्रवर्द्धनमा योगदान - ८<br>• स्थानीय कला, संस्कृति र मौलिकताको संरक्षण - ७<br>• कार्यक्रमको नवीनता - ५ | |
| ४ | **बजेट, लागत साझेदारी र पारदर्शिता** | २० |
| | • आयोजक संस्थाको स्रोत र स्थानीय तहको साझेदारी - १०<br>• बजेट ढाँचाको यथार्थपरकता र विस्तृत व्याख्या - ५<br>• पारदर्शिता- ५ | |
| ५ | **पहुँच, प्रभाव र समन्वय** | २० |
| | • स्थानीय तहको सिफारिस र समन्वय - ६<br>• अपेक्षित दर्शक/पर्यटक संख्या र लक्षित समूहको प्रदर्शनी - ७<br>• स्थानीय रोजगारी र आर्थिक गतिविधिमा पर्ने प्रभाव - ७ | |
| | **पूर्णाङ्कः** | १०० |
| | **उत्तीर्णाङ्कः** | ५० |

**अनुसूची-७**

(दफा २२ को उपदफा (७) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

...............कार्यालय

..........., गण्डकी प्रदेश ।

प्रशिक्षार्थीहरूको व्यक्तिगत विवरण

तालिमको नामः सञ्चालन अवधिः

स्थानः प्रशिक्षकः

| क्र.सं. | नामथर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची -८**

(दफा ३० को खण्ड (ख) सँग सम्बन्धित)

<u>प्रविधि सहयोगको लागि उद्यमीले कार्यालयमा पेश गर्नुपर्ने निवेदन ढाँचा</u>

मितिः

श्रीमान कार्यालय प्रमुखज्यू,

............................................ कार्यालय,

........................ ।

**विषयः** <u>प्रविधि उपलब्ध गराई पाउँ</u> ।

महोदय,

मेरो/हाम्रो नाममा .......................................... कार्यालयमा दर्ता भएको नं. .............. को ....................... उद्योग सञ्चालन, विस्तार र स्तरोन्नति गर्न आवश्यक भएकोले प्रविधि हस्तान्तरण अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौ । उल्लेखित प्रविधि हस्तान्तरण अन्तर्गतको मेशिन ....................................................... (औजार/उपकारण) उपलब्ध गराइ पाउँ ।

**निवेदकको विवरणः**

१. उद्यमीको नामः

२. उद्यमीको किसिमः (कुनै एकमा ☑ चिन्ह लगाउनुहोस)

(क)वैदेशिक रोजगारीबाट फर्किएकाः

(ख)महिलाः

(ग) १८ देखि ४० वर्ष उमेर समूहका युवाः

(घ) अन्यः

३. उद्योग नामः

४. ठेगानाः

(क)गाउँपालिकाः

(ख)नगरपालिकाः

५. उद्योग दर्ता नं. र मितिः

६. उद्योगमा लगानी भएको पूँजीः

क. स्थिर पूँजी

ख. चालु पूँजी

ग. जम्मा पूँजी

७. उद्योग वा व्यवसायबाट उत्पादन हुने वस्तु तथा सेवाको विवरण (वार्षिक)

८. कच्चापदार्थको किसिमः

९. रोजगारी संख्याः

(क)स्थानीय जनतालाई रोजगारी संख्याः

(ख)स्थानीय बाहेक अन्य रोजगारी संख्याः

१०. माग गरेको मेसिन/औजार/उपकरणको नाम र सम्भावित मूल्यः

| **क्र. सं.** | **प्रविधिको विवरण** | **संख्या** | **स्पेशिफिकेशन** | **अनुमानित मूल्य** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. प्रविधि हस्तान्तरणको कार्यक्रमको नाम: (कुनै एकमा ☑ चिन्ह लगाउनुहोस)

क. संञ्चालित उद्योग प्रवर्द्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरण ।

ख. एक महिला एक सिप कार्यक्रम

**संलग्न गर्नुपर्ने कागजातहहरुः**

१. उद्योग दर्ता, नवीकरण प्रमाणपत्र,
२. PAN दर्ता नं. र कर चुक्ता पत्र (गत आ.व. सम्मको),
३. उद्योगको व्यवसायिक योजना (स्कीम),
४. उद्योग सञ्चालनमा रहेको तथा प्रविधि आवश्यक भएको भन्ने सम्बन्धित वडाको सिफारिस,
५. माग गरेको प्रविधिसँग सम्बन्धित स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशन,
६. अघिल्ला पाँच आर्थिक वर्षमा कुनै कार्यालयबाट प्रविधि बापतको अनुदान प्राप्त नगरेको स्वःघोषणापत्र।

**निवेदक**

नामः

दस्तखत:

मितिः

उद्योगको छापः

## अनुसूची - ९

(दफा ३१ को उपदफा (६) सँग सम्बन्धित)

**सञ्चालित उद्योग प्रवर्द्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरण सम्बन्धी प्रस्ताव मूल्याङ्कनको आधारहरू**

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र | वस्तुगत आधार (प्रमाणमा आधारित) | अङ्कभार |
|---|---|---|---|
| १ | स्थानीय कच्चा पदार्थको प्रयोग | कुल खपतमा स्थानीय स्रोतः ७५% भन्दा बढी भए २०, ५०-७४% भए १५, २५-४९% भए १०, २५% भन्दा कम भए ५ | २० |
| २ | सीप र तालिम | सरकारी/मान्यता प्राप्त निकायबाट कम्तीमा १ महिना अवधिको प्राविधिक/सीपमूलक तालिम | ५ |
| ३ | वैदेशिक रोजगारबाट फर्केका | सञ्चालक (वैदेशिक रोजगारबाट फर्केका) को कम्तीमा ५१% वा सोभन्दा बढी स्वामित्व | ६ |
| ४ | लक्षित वर्गको सहभागिता | महिला, दलित वा अपाङ्गता भएका व्यक्तिको कम्तीमा ५१% स्वामित्व | ५ |
| ५ | उद्योगको प्रकृति | कृषि/पशुपालन-१०, कोसेली/हस्तकला-९, वन पैदावर-८, परम्परागत सीप-७, अन्य-५ | १० |
| ६ | रोजगारी सिर्जना (पूर्णकालीन) | ५ जनाभन्दा बढी-९, ३ देखि ५ जनासम्म-६, ३ जनाभन्दा कम (सञ्चालक मात्र)-३ | ९ |
| ७ | उद्योगको सञ्चालन अवधि | निरन्तर सञ्चालन भएको प्रति वर्ष १ अङ्कका दरले (अधिकतम ५ अङ्क) | ५ |
| ८ | भौगोलिक अवस्थिति | गाउँपालिका क्षेत्रमा सञ्चालित भए ५, नगरपालिका क्षेत्रमा सञ्चालित भए ३ | ५ |
| ९ | प्रविधिको सान्दर्भिकता | माग गरिएको मेसिन/प्रविधिले उद्योगको हालको समस्या समाधान गर्ने स्पष्ट आधार | १० |
| १० | उत्पादकत्व वृद्धि प्रक्षेपण | प्रविधि जडान पश्चात उत्पादन/नाफा वृद्धिः उच्च वृद्धि-१०, मध्यम-८, सामान्य-५ | १० |
| ११ | वातावरणीय प्रभाव | कम ऊर्जा खपत, वातावरण मैत्री वा खेर जाने वस्तु (Zero Waste) सदुपयोग गर्ने | ५ |
| १२ | लागत साझेदारी | उद्योगीको तर्फबाट गरिने लगानीः ५०% भन्दा बढी भए १०, ४०-५०% भए ८, न्यूनतम भए ५ | १० |
| | | **कुल जम्माः** | १०० |

**पुनश्चः**

उल्लिखित मूल्याङ्कनको आधारमा मूल्याङ्कन गर्दा कम्तीमा पचास प्रतिसत अङ्क प्राप्त गर्ने उद्योग व्यवसायीहरू मात्र छनौट गरिनेछ। प्रविधि हस्तान्तरणका लागि उद्योगको छनौट गर्दा उद्योगले प्राप्त गरेको अङ्कको योग्यताक्रमका आधारमा गर्नु पर्नेछ।

## अनुसूची - १०

(दफा ३१ को उपदफा (६) सँग सम्बन्धित)

एक महिला एक सीप कार्यक्रम अन्तरगत प्रविधि हस्तान्तरण सम्बन्धी प्रस्ताव मूल्याङ्कनको आधारहरू

| क्र.सं. | मूल्याङ्कनको आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | **स्थानीय कच्चा पदार्थ उपयोग हुने आधारमा** | ८ |
| | ८०% भन्दा बढी स्थानीय कच्चा पदार्थ प्रयोग हुनेः ८ | |
| | ५०% देखि ८०% सम्म स्थानीय कच्चा पदार्थ प्रयोग हुनेः ६ | |
| | ५०% भन्दा कम स्थानीय कच्चा पदार्थ प्रयोग हुनेः ४ | |
| २ | **तालिम लिए/नलिएको** | ७ |
| | नेपाल/प्रदेश सरकारबाट स्वीकृत प्राप्त निकायबाट तालीम लिइ उद्योग सञ्चालन गरेका उद्योगः ७ | |
| | उद्योगसँग सम्बन्धित विषयमा तालिम नलिएकोः ५ | |
| ३ | **सामाजिक न्याय र समावेशीकरण** | ५ |
| | एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित घरपरिवारका महिलाः ५ | |
| | जनजाति, वैदेशिक रोजगारबाट फर्केका वा अन्य सीमान्तकृत महिलाः ४ | |
| | अन्य महिला उद्यमीः ३ | |
| ४ | **प्रविधि हस्तान्तरणको सान्दर्भिकता** | ५ |
| | उत्पादन/समयमा ५०% भन्दा बढी सुधार ल्याउने नवप्रवर्तक प्रविधिः ५ | |
| | परम्परागत कामलाई सहज बनाउने सामान्य मेसिनरी/प्रविधिः ४ | |
| | केवल क्षमता विस्तारको लागि मात्र (पुरानै मेसिन थप गर्ने): ३ | |
| ५ | **उद्योगको प्रकृतिका आधारमा** | ७ |
| | कृषि, पशुपालन र वन पैदावरमा आधारित नवप्रवर्तनः ७ | |
| | हस्तकला, परम्परागत सिप तथा सोभेनियर उत्पादनः ६ | |
| | अन्य उद्योगः ५ | |
| ६ | **रोजगारी सृजना** | ८ |
| | ५ जना भन्दा बढी रोजगारी भएः ८ | |
| | ३ जना देखि ५ जनासम्म रोजगारी भएः ६ | |
| | ३ जना भन्दा कम रोजगारी भएः ४ | |
| ७ | **उद्योगको दिगोपनाः** | ५ |
| | प्रत्येक वर्षको १ अङ्कका दरले ५ वर्षसम्मका लागि बढीमा ५ अङ्क | |
| ८ | **स्थानीय तहमा सञ्चालित उद्योग** | ५ |
| | गाउँपालिका क्षेत्रमा सञ्चालित उद्योगः ५ | |
| | नगरपालिका क्षेत्रमा सञ्चालित उद्योगः ३ | |
| | **कुल जम्मा** | **५०** |

**<u>पुनश्चः</u>** उल्लिखित मूल्याङ्कनको आधारमा मूल्याङ्कन गर्दा कम्तीमा पचास प्रतिसत अङ्क प्राप्त गर्ने उद्योग व्यवसायीहरू मात्र छनौट गरिनेछ। प्रविधि हस्तान्तरणका लागि उद्योगको छनौट गर्दा उद्योगले प्राप्त गरेको अङ्कको योग्यताक्रमका आधारमा गर्नु पर्नेछ।

## अनुसूची-११

(दफा ३८ सँग सम्बन्धित)

<u>होमस्टे वर्गिकरण मूल्याङ्कन फारम</u>

| क्र. सं. | | सूचकहरू | अङ्कभार | दाबी अङ्क | दाबीका कारण |
|---|---|---|---|---|---|
| १ | **सामुदायिक होमस्टेप्रदायकको मानक** | | **९.०** | | |
| | (क) | प्राकृतिक सुन्दरतासहित आन्तरिक पैदलमार्ग व्यवस्थित भएको | २.० | | |
| | (ख) | होमस्टे सञ्चालन हुने स्थानमा यातायात वा पैदलमार्गको पहुँच सहज भएको | १.० | | |
| | (ग) | होमस्टेसम्म जाने मूल तथा पदमार्गहरूमा पथसङ्केतहरू राखिएको | १.० | | |
| | (घ) | सञ्चालक शिष्ट, भद्र, सहयोगी भइ पाहुनासँग सम्मानजनक तथा गैरभेदभावपूर्ण व्यवहार गरिएको | १.० | | |
| | (ङ) | होमस्टे सञ्चालक मौलिक पहिरनमा सफा, मर्यादित तथा अनुशासितरूपमा रहेको | १.० | | |
| | (च) | वैदेशिक रोजगारीबाट फर्किएका युवा, महिला तथा स्थानीय समुदाय भित्र जातीय सहभागिता सुनिश्चित गरी सञ्चालन गरिएको | ३.० | | |
| २ | घर, बेडरुम, बाथरुम तथा शौचालय सम्बन्धी मानक | | १२.० | | |
| | (क) | घरको संरचना सुरक्षित र आकर्षक भइ भित्ता, छाना, भुइँ लगायतमा प्रयोग भएका डिजाइन तथा निर्माण सामग्रीले मौलिकता र स्थानीय पहिचानको प्रतिविम्बित गरेको | १.० | | |
| | (ख) | होमस्टे सञ्चालकले प्रदान गर्ने पाहुना कोठा घरको अन्य कोठाबाट अलग रहेको तथा गोपनीयताको ख्याल गरिएको | १.० | | |
| | (ग) | बिजुली जाँदा वैकल्पिक व्यवस्था र प्रयाप्त सफा पिउनेपानी आपूर्तिको व्यवस्था भएको | १.० | | |
| | (घ) | पाहुना कोठामा टेबल, कुर्सी, टी-टेबल, ऐना, विद्युतीय सकेट, पर्दा, चप्पल, तौलिया, ह्याङ्गर, डोरम्याट आदि जस्ता आधारभूत सुविधाहरू उपलब्ध भएको | १.० | | |
| | (ङ) | हरेक घरमा कम्तीमा १ कोठा र १ बेड तथा बढीमा चार कोठामा ८ बेडसम्म व्यवस्था भएको | १.० | | |
| | (च) | आरामदायक तथा सफा बेडिङ सामग्री प्रयोग गरिएको साथै अतिरिक्त बेडिङ सामग्री जगेडामा राखिएको | १.० | | |
| | (छ) | लामखुट्टे र अन्य किराहरू भित्र पस्न नदिन तथा यस्ता किराहरूबाट सुरक्षित रहन झ्यालमा जाली, फ्रेम लगाइएको वा अन्य वैकल्पिक व्यवस्था गरिएको | १.० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ज) | नयाँ पाहुनाको आगमनसँगै कोठा राम्रोसँग सफा गरी धोएका सफा सिरानी, सिरकडसनाको खोल, तौलियाहरू अनिवार्य फेरिदिने व्यवस्था भएको | १.० | | |
| | (झ) | सिटिङ वा कमोड प्रकारको शौचालयको व्यवस्था भएको | १.० | | |
| | (ञ) | सफा शौचालय तथा बाथरुममा पानी, साबुन, ट्वाइलेट पेपर आदिको व्यवस्था भएको | १.० | | |
| | (ट) | मौसम तथा पाहुनाको माग अनुसार तातो चिसो पानीको व्यवस्था हुने गरेको | १.० | | |
| | (ठ) | होमस्टे भर कम्तीमा एउटा कोठा अपाङ्गमैत्री रहेको | १.० | | |
| ३ | **होमस्टेमा सञ्चालन हुने गतिविधि/क्रियाकलापहरू सम्बन्धी मानक** | | **४.०** | | |
| | (क) | जङ्गल, नदी, गुफा, ताल आदि प्राकृतिक स्रोतहरूको उपयोग गर्दा तिनको संरक्षणमा समेत ध्यान पुर्‍याएको | १.० | | |
| | (ख) | वरपरका प्राकृतिक तथा धार्मिक पर्यटकीय स्थलहरू समेटी पर्यटकलाई आकर्षित गर्ने होमस्टे प्याकेज कार्यक्रम तयार गरिएको | १.० | | |
| | (ग) | होमस्टे सञ्चालन नभएका परिवार र अन्य गाउँहरूसँग समन्वय तथा सहकार्य गरिएको | ०.५ | | |
| | (घ) | समुदायले आफ्नो पहिचान, संस्कृति र विशिष्टता कायम गर्दै होमस्टेको ब्रान्डिङ गरिएको | १.० | | |
| | (ङ) | स्थानीय कला, संस्कृति तथा परम्परागत कार्यक्रम नियमित सञ्चालन गरिएको | ०.५ | | |
| ४ | **व्यवस्थापन मानक** | | **९.०** | | |
| | ४१. संगठन र नेतृत्व | | | | |
| | (क) | महिला र युवाको सहभागिता सुनिश्चित गरी होमस्टे सञ्चालकहरू मध्येबाट प्रजातान्त्रिक प्रक्रियाद्वारा नेतृत्व चयन हुने व्यवस्था गरिएको | ०.५ | | |
| | (ख) | मासिकरूपमा समितिको बैठक बस्ने व्यवस्था भएको | १.० | | |
| | (ग) | होमस्टे संरचना स्पष्ट कायम गरी उपयुक्त जिम्मेवारी बाँडफाँट तथा सञ्चालीकरण गरिएको | १.० | | |
| | (घ) | संस्थाले स्थानीय महिला तथा युवाको सशक्तीकरणलाई प्राथमिकता दिँदै विभिन्न समितिहरूलाई क्रियाशील बनाएको | ०.५ | | |
| | (ङ) | आयव्ययको एकीकृत अभिलेख राख्ने व्यवस्था गरिएको | १.० | | |
| | (च) | स्थानीय तथा राष्ट्रिय होमस्टे नेटवर्कमा आबद्ध भइ अनलाइन प्रचारप्रसार प्रणालीमा जोडिएको | ०.५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (छ) | सञ्चालकहरूबाट होमस्टेको विधान अनुमोदित भएको | ०.५ | | |
| | ४२. डाटाबेस | | | | |
| | (क) | होमस्टे डाटाबेसमा ठेगाना, उपलब्ध सेवा, बेड संख्या, बेडको स्तर, मूल्यसूची, परिवार सदस्य संख्या तथा विशेष प्रतिभा, ज्ञान वा सिपसम्बन्धी जानकारी समावेश गरिएको | ०.५ | | |
| | (ख) | पाहुनाको आगमन मिति, राष्ट्रियता, बसाइको अवधि, सम्पर्क नम्बर, पेसा वा व्यवसाय तथा खर्च गरेको रकम आदि दर्ता गरी अभिलेख राख्ने व्यवस्था गरिएको | १.० | | |
| | (ग) | पाहुनाहरूबाट टिप्पणी, गुनासो र सुझाव प्राप्त गर्न सुझाव पुस्तिका राखी प्राप्त सुझावहरूको समीक्षा गरी सुधार गर्ने प्रणाली रहेको | १.० | | |
| | (घ) | वरपरका क्षेत्रहरूमा अवस्थित पर्यटकीय स्थलहरूको सूची, अन्य परिवारहरूले उत्पादन गर्ने उपभोग्य वस्तु तथा कृषि उद्यमहरूको विवरण अद्यावधिक गरिएको | १.० | | |
| | (ङ) | मन्त्रालयको तथ्याङ्क प्रणालीमा आवद्धता भएको | ०.५ | | |
| **५** | **होमस्टेप्रदायकको क्षमता विकास सम्बन्धी मानक** | | **५.०** | | |
| | (क) | स्वागत, बिदाइ र अतिथि सत्कार | ०.५ | | |
| | (ख) | बिल पञ्जीकरण र भुक्तानी | ०.५ | | |
| | (ग) | स्वच्छता र सरसफाइ | ०.५ | | |
| | (घ) | सञ्चार कौशल | ०.५ | | |
| | (ङ) | समुदाय प्रशिक्षण र सशक्तीकरण | १.० | | |
| | (च) | बजार विस्तार कौशलता | ०.५ | | |
| | (छ) | कथा कथन र व्याख्या कौशल | ०.५ | | |
| | (ज) | पाकशाला | ०.५ | | |
| | (झ) | वार्षिकरूपमा आन्तरिक पुनर्ताजगी तालिम कार्यक्रम | ०.५ | | |
| **६** | **सहयोग तथा समन्वय सम्बन्धी मानक** | | **३.०** | | |
| | (क) | संस्थाले सरोकारवाला र सहयोगी निकायहरूसँग साझेदारी स्थापना गरेको | १.० | | |
| | (ख) | अन्य होमस्टे तथा निजी एजेन्सीहरू, विशेषगरी टुर अपरेटर र होटल व्यवसायीहरूसँग मिलेर प्याकेजहरू विकास गरी प्रचारप्रसार गतिविधिहरू सञ्चालन गरिएको | १.० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) | समयसमयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन निकायहरूसँग प्रशिक्षण, बजारीकरण, पदोन्नति तथा प्राविधिक सहयोग लिने व्यवस्था गरिएको | १.० | | |
| ७ | सरसफाइ सम्बन्धी मानक | | १२.० | | |
| | ७.१ घर, भान्छा, बेडरुम र शौचालय सरसफाइ | | | | |
| | (क) | शौचालय, स्नानघर राम्रोसँग नियमितरुपमा सफा गर्ने गरिएको | १.० | | |
| | (ख) | नियमितरूपमा निसंक्रमक औषधि (Disinfectants) प्रयोग गरी शौचालयलाई सफा र जीवाणुमुक्त राखेको | १.० | | |
| | (ग) | साबुन, शौचालय टिस्यु तथा सफा तौलिया होमस्टे प्रदायकद्वारा व्यवस्थापन गरिएको | १.० | | |
| | ७.२ बाह्य वातावरण सरसफाइ सम्बन्धी मानक | | | | |
| | (क) | वरपरको परिसर सफा राखिएको तथा कुहिने, नकुहिने र सिसाजन्य फोहोरको व्यवस्थापन तथा विसर्जन व्यवस्थितरूपमा गरिएको | १.० | | |
| | (ख) | लामखुट्टे तथा अन्य जीवाणुबाट सुरक्षित रहन नाली सफा राख्ने तथा वरपर पानी जम्न नदिने व्यवस्था गरिएको | १.० | | |
| | (ग) | आन्तरिक पदमार्गमा स्थानीय बोटबिरुवाको प्रयोग गरी सौन्दर्यीकरण तथा हरियाली कायम गरिएको | १.० | | |
| | (घ( | होमस्टे इलाका धुलो तथा हिलोमुक्त रहेको | १.० | | |
| | ७.३ खाद्य तयारी सरसफाइ सम्बन्धी मानक | | | | |
| | (क) | भान्छाकोठा सफा, व्यवस्थित तथा हावा खेल्ने बनाइएको | १.० | | |
| | (ख) | भान्छाका भाँडा तथा खाद्यवस्तुहरू सफा, सुरक्षित र सुक्खा स्थानमा व्यवस्थित रूपमा राखिएको | १.० | | |
| | (ग) | पाहुनाको स्वास्थ्य, चाहना तथा परामर्शअनुसार खाना तयार गरिएको | १.० | | |
| | (घ) | पाहुनाहरूलाई उमालेर वा अन्य विधिबाट शुद्धीकरण गरिएको सुरक्षित पिउने पानीको व्यवस्था गरिएको | १.० | | |
| | (ङ) | स्थानीय इन्धन, सुधारिएको चुल्हो तथा बायोग्यासको प्रयोग गरिएको | १.० | | |
| ८ | सुरक्षा व्यवस्थापन सम्बन्धी मानकः | | ६.० | | |
| | ८.१ पाहुना सुरक्षा व्यवस्था | | | | |
| | (क) | पाहुनाहरूको सुरक्षाका लागि स्थानीय स्वयंसेवक समूह गठन गरी क्रियाशील गरिएको | ०.५ | | |
| | (ख) | स्थानीय सुरक्षा निकायसँग समन्वयात्मकरुपमा सुरक्षा सेवा लिने व्यवस्था मिलाएको | ०.५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) | स्वयंसेवकहरूले प्राथमिक उपचार तथा आपतकालीन उद्धारसम्बन्धी आधारभूत प्रशिक्षण प्राप्त गरेको तथा सो सम्बन्धी आवश्यक व्यवस्था गरिएको | १.० | | |
| | (घ) | होमस्टे पदमार्ग क्षेत्र उज्यालो प्रकाश तथा सिसी क्यामेराबाट कभर गरिएको | ०.५ | | |
| | (ङ) | सवारीसाधन पार्किङको व्यवस्था भएको | १.० | | |
| | ८.२ पर्यटकीय गतिविधिमा सुरक्षा, सुरक्षा पक्ष, उद्धार र निकाससम्बन्धी मानक | | | | |
| | (क) | साहसिक खेल गतिविधि, जङ्गलसफारी, जलयात्रा जस्ता क्रियाकलाप सञ्चालन गर्दा विशेष सुरक्षा तालिम प्राप्त व्यक्तिहरू मात्र खटाउने व्यवस्था गरिएको | ०.५ | | |
| | (ख) | कुनैपनि पानीमा आधारित गतिविधिहरू (र्‍याफ्टिङ, क्यानोइङ, बोटिङ, नदी सफारी, पौडी आदि) वा साहसिक खेलहरू सञ्चालन गर्दा मान्यता प्राप्त निकायबाट प्रमाणित भएका उचित र पर्याप्त सुरक्षा पोसाक तथा उपकरणहरू प्रयोग गर्ने व्यवस्था गरिएको | ०.५ | | |
| | (ग) | कुनैपनि गतिविधि तथा सुरक्षाको बारेमा पाहुनालाई विस्तृत जानकारी गराउने व्यवस्था भएको। | ०.५ | | |
| | (घ) | आकस्मिक बिरामी वा दुर्घटनाको अवस्थामा उद्धार तथा अस्पतालसम्म पुऱ्याउने व्यवस्था गरिएको | ०.५ | | |
| | | आगलागी नियन्त्रणका प्राथमिक सामग्रीको व्यवस्था गरिएको | ० ०.५ | | |
| ९ | **बजारीकरण तथा पदोन्नति सम्बन्धी मानक** | | **५.०** | | |
| | (क) | स्थानीय क्षेत्रको विशिष्ट पहिचान झल्किने गरी भिडियो तथा फोटोहरू तयार गरी वेबसाइट तथा सामाजिक सञ्जालमा राख्ने व्यवस्था मिलाइएको | २.० | | |
| | (ख) | प्रचार सामग्रीहरू (परिचय पुस्तिका, ब्रुसर तथा डिजिटल क्याटलग, फोटो ग्यालरी, प्रचार भिडियो, भर्चुअल टुर, मूल्य सूची, सेवा विवरण, नक्सा तथा लोकेशन, ग्राहक समीक्षा तथा सम्पर्क विवरण आदि) तयार गरी वेबपेज तथा सामाजिक सञ्जालमार्फत होमस्टेको बजारीकरण गरिएको | २.० | | |
| | (ग) | बजारीकरणका लागि समय समयमा स्थानीय तथा प्रदेश सरकार र टुर अपरेटरहरूसँग सहकार्य गरिएको | ०.५ | | |
| | | अनलाइन बुकिङ वा सम्पर्क प्रणालीको व्यवस्था गरिएको | ०.५ | | |
| १० | **आर्थिक, सामाजिक तथा सांस्कृतिक स्थिरता साथै पाहुनाको आगमन र वातावरणीय अनुकूलता** | | **१०.०** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (क) | एक होमस्टे परिवारले आंशिक तथा पूर्ण समय काम गर्ने न्यूनतम दुई जनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरेको | ०.५ | | |
| | (ख) | राम्रो दक्षता भएका कर्मचारीलाई वार्षिकरूपमा प्रोत्साहन गर्ने व्यवस्था गरिएको | ०.५ | | |
| | (ग) | वार्षिक औसत २०० भन्दा बढी पाहुनाले सेवा लिएको (२०० जनासम्म-१, ५०० जनासम्म-२ र ५०० भन्दा बढी-३ अङ्क) | ३.० | | |
| | (घ) | स्थानीय समुदायलाई जैविक विविधता संरक्षणमा सचेत तथा सक्रिय बनाइएको | ०.५ | | |
| | (ङ) | पर्यटन सेवा सुविधाहरू वातावरण अनुकूल छन् भन्ने कुराको सुनिश्चितता गरिएको | ०.५ | | |
| | (च) | होमस्टेको उपयुक्त स्थानमा सामुदायिक सूचना केन्द्र तथा संग्रहालय स्थापना गरिएको | ०.५ | | |
| | (छ) | पाहुनाहरूलाई स्थानीय कला, संस्कृति, चालचलन तथा रीतिरिवाजसँग परिचित गराउँदै सम्मानजनक आतिथ्यता प्रदान गरिएको | १.० | | |
| | (ज) | सामाजिक कार्यका लागि निश्चित रकम छुट्याइएको | ०.५ | | |
| | (ज) | पाहुना तथा सञ्चालकहरूको आचारसंहिता तयार गरी सार्वजनिकरूपमा प्रकाशन गरिएको | १.० | | |
| | (झ) | प्लास्टिकको न्यून प्रयोग तथा विकल्पको प्रयोगलाई प्राथमिकता दिइएको | ०.५ | | |
| | (ञ) | ध्वनि, वायु, जल, दृश्य तथा प्रकाश प्रदूषण नियन्त्रणमा ध्यान पुऱ्याइएको | ०.५ | | |
| | (ट) | वातावरण सम्बन्धी पर्यटक सचेतना कार्यक्रम सञ्चालन भएको | ०.५ | | |
| | (ठ) | स्थानीय प्रशासनद्वारा निर्धारित नीति तथा नियमहरूको पूर्ण पालना गरेको | ०.५ | | |
| **११** | **स्थानीय उत्पादनको प्रयोग सम्बन्धी मानक** | | **२५.०** | | |
| | (क) | होमस्टेले आवश्यक खाद्यान्न तथा तरकारी मध्ये कम्तीमा ५० प्रतिसत आफैं वा स्थानीय उद्यमीहरूबाट उत्पादित प्रयोग गर्ने गरेको | ६.० | | |
| | (ख) | स्थानीय उत्पादनहरू प्रदर्शन तथा बिक्री गर्न होमस्टेमा बिक्री केन्द्र वा कोशेलीघर स्थापना गरिएको | ३.० | | |
| | (ग) | सम्पूर्ण खाना परिकारहरूको मुल्यसहितको मेनु तयार गरेको | २.० | | |
| | (घ) | मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागि आवश्यक बैकल्पिक व्यवस्था गरिएको | ३.० | | |
| | (ङ) | पाहुनाका लागि आवश्यक मासुजन्य (खसी, लोकल कुखुरा, हाँस, माछा आदि) वस्तुहरूको ५० प्रतिसतसम्मको उत्पादन स्थानीयस्तर मैं गरिएको | २.० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (च) | होमस्टेले आफ्ना सदस्य बाहेकका स्थानीय अन्य परिवारहरूलाई आवश्यक खाद्यान्न, तरकारी तथा मासुजन्य वस्तुहरूको उत्पादनमा प्रोत्साहन गर्ने व्यवस्था गरेको | ३.० | | |
| | (छ) | समुदायको संस्कृति संरक्षणका लागि स्थानीय युवाहरूको क्लब गठन गरी व्यवस्थितरूपमा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको | ३.० | | |
| | (ज) | समुदायको आर्थिक विकासका लागि लघु उद्यम, स्थानीय व्यवसाय, घरेलु उद्योग तथा हस्तकलाजस्ता उद्यमहरू सञ्चालन गरी बिक्री बितरणको ब्यवस्था मिलाएको | ३.० | | |
| | | कुल अङ्कभार | १००.० | | |

मूल्याङ्कन फाराम भर्ने होमस्टे संचालकको नाम थर :

पद :

सम्पर्क फोन नं.:

होमस्टेको नाम, ठेगाना र छापः